आज मिति २०८१ साल कार्तिक १३ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री छविलाल न्यौपाने | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री रितेश तामाङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुर्जे तामाङ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री यादव ठकुरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तेज बहादुर पराजुली | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री गृविन्द्र कुमार चौंलागाई | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री सुर्य बहादुर तामाङ | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

मिति २०८१/०७/१३ को बलेफी गाउँकार्यपालिका बैठक बैठक संख्या-७

**प्रस्तावहरु :**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. विशेष गाउँ सभा सम्बन्धमा ।

३. एक गाउँ एक प्राविधिक कर्मचारी व्यवस्थापनको लागि बजेट माग सम्बन्धमा ।

४. एक वडा एक कृषि उत्पादन कार्यक्रमको साझेदारी रकम भुक्तानी सम्बन्धमा ।

५. बलेफी गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८१ सम्बन्धमा ।

६. बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१ सम्बन्धमा ।

७. सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।

८. बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा ।

९. विविध सम्बन्धमा ।

**निर्णयहरु**

१. अघिल्लो बैठकमा भएको निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भईरहेको निर्णय गरियो ।

२. आ.ब. २०८०।०८१ को महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन र अघिल्लो आ.ब का महालेखापरीक्षक प्रतिवेदन तथा अन्य विविध विषयहरु माथि छलफल तथा निर्णय गर्नको लागि गाउँ सभाको विशेष अधिवेशन मितिः २०८१ कार्तिक २३ गते शुक्रबार आह्वान गर्ने र उक्त प्रारम्भिक प्रतिवेदनमा औंल्याएको नियमित गर्न सकिने बेरुजुहरुको लगत तयार गरी प्रतिवेदन पेश गर्न लेखासमितिलाई निर्देशन दिने निर्णय गरियो ।

३. यस कार्यालयका कृषि तथा पशु विकास शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको दरबन्दी अनुसार पुर्ती हुन नसकी रिक्त रहेको र कार्यसम्पादनमा समेत असहजता भएकोले एक गाउँ एक प्राविधिक कर्मचारी व्यवस्थापनको लागि स्थानीय तहबाट साझेदारी गर्ने र कृषि तथा पशुपन्छि विकास मन्त्रालय, सिंहदरवार काठमाडौंमा बजेट माग गर्ने निर्णय गरियो ।

४. एक वडा एक कृषि उत्पादन कार्यक्रमका लागि यस बलेफी गाउँपालिका वडा नं. १ आलु खेतीका लागि छनौट भएको हुँदा उक्त कार्यक्रम संचालनका लगि समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ११ बमोजिम स्थानीय तहले गर्नुपर्ने लगानीका लागि आवश्यक साझेदारी रकम रु. १३, ३३, ३४० ।- आगामी गाउँसभामा खर्च अनुमोदन गर्ने गरी हाललाई कार्यसञ्चालन कोष तर्फको विविध खाताबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

५. यस कार्यापालिका बैठकमा पेश भएको "बलेफी गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८१" सम्बन्धि छलफल गरी उक्त निर्देशिका सर्वसम्मतिले पारित गरियो ।

६. यस कार्यापालिका बैठकमा पेश भएको “बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१” सम्बन्धि छलफल गरी उक्त कार्यविधि सर्वसम्मतिले पारित गरियो ।

७. यस कार्यापालिका बैठकमा पेश भएको “सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९” सम्बन्धि छलफल गरी दफा १ (क) मा यस कार्यविधिको नाम “सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१” हुने र दफा २१ को खण्ड ‘ग’ मा “बलेफी गाउँपालिकाले सामुदायिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयमा उपस्थित भई हाजिर भएको दिनको प्रति हाजिरी रु. २० (बीस) मात्र का दरले विद्यालयलाई उपलब्ध गराउने र नपुग भएको खण्डमा गाउँपालिकाले अन्य संघसंस्थाहरुसँग समन्वय गरी स्रोतको खोजी गर्नेछ” थप गर्ने निर्णय गरियो ।

८. बालमैत्री स्थानीय तह घोषणा कार्यक्रममा सहयोग गर्न, बालबालिकाहरुको हित संरक्षण गर्न र बालबालिकाहरुको क्षेत्रमा कार्य गर्ने विभिन सङ्घसंस्थाहरुसँग समन्वय गर्नको लागि गाउँपालिकाबाट महिला तथा बालबालिका शाखाको शाखा प्रमुखलाई बाल कल्याण अधिकारी (फोकल पर्सन) को रुपमा चयन गर्ने निर्णय गरियो ।

९. सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४९, मिति २०८१/०६/१८ को पत्रानुसार यस गाउँपालिकामा कार्यरत कर्मचारी श्री चेतन घिमिरे (जनस्वास्थ्य अधिकृत सातौं) “Seminar on Hospital Management for the Countries of the Belt and Road Initiative” सेमिनारमा सहभागी हुनका लागि गाउँपालिकालाई आर्थिक दायित्त्व नपर्ने गरी चीन भ्रमणमा जानु हुने भएकोले निजको २०२४ अक्टोबर १ देखि अक्टोबर १४ सम्म (१४ दिन) वैदेशिक भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

१०. आ.ब. २०८१/८२ को स्वीकृत कृषि विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा मिनिटलर (टयाक्टर) वितरण कार्यक्रमका लागि कम्तिमा ५ जनाको समूह (एकाघर परिवारको नहुने) कृषकहरुबाट माग संकलनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

११. राष्ट्रिय आर्थिक मेरुदण्डको रुपमा परिचित राजमार्गहरुमध्ये अरनिको राजमार्ग संघीय राजधानी काठमाण्डौंदेखि यस बलेफी गाउँपालिकाको वडा नं. ४, ५, ६, ७ र ८ हुँदै छिमेकी मुलुक चीनको लिपीङ बजारसम्म जोडिएको छ । सिन्धुपाल्चोक जिल्लाको क्षेत्र नं. १ अन्तरगत मूख्य व्यापारिक केन्द्रको रुपमा खाडीचौरबजार नजिकै रहेको अँधेरी बजार विस्तार हुँदै गएको अवस्था छ । अँधेरी बजार क्षेत्र नं. १ अन्तरगत पर्ने सबै स्थानीय तहहरुलाई दुरीको हिसावले समेत केन्द्रविन्दु पर्दछ । सो कारणले अँधेरी बजारमा राष्ट्रिय वाणिज्य बैंक लि. को शाखा स्थापनाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

१२. बलेफी गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको विभिन्न मितिमा बसेको बैठकको निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१३. बलेफी गाउँपालिका वडा नं १ अन्तर्गत रहेको १५ शैयाँको जलविरे प्राथमिक स्वास्थ्य केन्द्र जलविरेलाई आवश्यक दरबन्दि सहित स्वास्थ्य उपकरणहरुको व्यवस्थापन गर्न संघीय सरकार र प्रदेश सरकारसँग बजेट माग गर्ने निर्णय गरियो ।

१४. अन्धोपन न्यूनीकरण अभियानमा गाउँपालिकाको सहयोगमा आँखा उपचार केन्द्र खाडिचौरमा सञ्चालित रहेको रेयुकाई एईको मासुनामा आँखा अस्पतालसँग यस आ.ब को २०८१ पौष मसान्तसम्म घरभाडा सम्झौता थप गर्ने निर्णय गरियो ।

१५. यस आ.ब. २०८१/०८२ को तिज कार्यक्रमको भुक्तानी दिन बाँकी रकम रु. २०,९०० विविध खाताबाट खर्च व्यहोर्ने गरी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

१६. ल्हासो म्युजिकल ब्याण्डद्धारा आयोजित "दोस्रो ऐतिहासिक डम्फु साँझ २०८१" लाई आर्थिक सहयोग रु. ३५ हजार विविध खाताबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१७. फ्याफूल्ला युवा क्लव दशै सांस्कृतिक कार्यक्रमलाई उपाध्यक्ष भाषा, धर्म, संस्कृति प्रवर्द्धन कार्यक्रमबाट रु. ५० हजार भुक्तानी दिने निर्णय गरियो ।

१८. मणी संघलाई बुद्ध जयन्ति कार्यक्रम गरेवापतको दिन बाँकी रकम रु. १५ हजार विविध खाताबाट भुक्तानी दिने निर्णय गरियो ।

१९. बलेफी गाउँपालिका वडा नं. ५ बस्ने रञ्जितराम श्रेष्ठ सवारी दुर्घट्ना परि कम्मर भन्दा तलपट्टि पुरै हड्डी भाँचिएकोले निजलाई नियमित चेकजाँच गराउन र औषधि सेवन गर्न रु. ३० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२०. बलेफी गाउँपालिका वडा नं. ६ बस्ने जुना न्यौपाने वोनम्यारो क्यान्सर भएकोले निजलाई नियमित चेकजाँच गराउन र औषधि सेवन गर्न रु. ३० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

देवकी